# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०५।०४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

कर्णाली नदी व्यवस्थापन आयोजना, राजापुर बर्दियाका इन्जिनियर कमल प्रसाद सिटौला, इन्जिनियर विश्वेश्वर प्रसाद शाह, इन्जिनियर हरी प्रसाद चौधरी र सवारी चालक टंक प्रसाद ओझासमेतले निर्माण योजना तारजालीमा ढुङ्गा भर्ने कामको विल रकम भुक्तानी गरे वापत सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय, नेपालगञ्जबाट खटिइ गएको टोलीले निजहरू इन्जिनियर कमल प्रसाद सिटौला, इन्जिनियर विश्वेश्वर प्रसाद शाह, इन्जिनियर हरी प्रसाद चौधरी र सवारी चालक टंक प्रसाद ओझासमेतलाई रू.१५,००,०००/- (पन्ध्र लाख) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा बिवेचित आधार, प्रमाण र कारणबाट निज इन्जिनियरहरू कमल प्रसाद सिटौला, विश्वेश्वर प्रसाद शाह, हरी प्रसाद चौधरी र आनन्दलाल प्रसाद साहसमेतको प्रत्यक्ष संलग्नता र मिलेमतोमा निजहरूले उपभोक्ता समिति मार्फत सम्पन्न भएको तारजालिमा ढुङ्गा भर्ने कार्यको बिल रकम भुक्तानी गराई दिएबापत घुस रिसवत माग गरी रू.१५,००,०००।— (पन्ध्र लाख) घुस वापतको रकम बुझिलिई सवारी चालक टंक प्रसाद ओझालाई गाडीमा राख्न पठाएको अवस्थामा गाडीबाट उक्त रकम बरामद भई आएको स-प्रमाण पुष्टि भएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर अपराध भएको हुँदा निजहरू इन्जिनियरहरू कमल प्रसाद सिटौला, विश्वेश्वर प्रसाद शाह, हरी प्रसाद चौधरी र आनन्दलाल प्रसाद साहलाई बिगो रू.१५,००,०००।— (पन्ध्र लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफआ ३ को उपदफा(१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिईएको ।

साथै प्रतिवादी टंक प्रसाद ओझाले अन्य प्रतिवादीहरू कमल प्रसाद सिटौला, विश्वेश्वर प्रसाद शाह, हरी प्रसाद चौधरी र आनन्दलाल प्रसाद साह समेतलाई रू.१५,००,०००।—(पन्ध्र लाख) घुस रकम लिन सघाउ पुर्‍याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को मतियारको कार्य कसूर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम बिगो रू. १५,००,०००।— (पन्ध्र लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता